नेपाल विद्युत प्राधिकरण, पिपल्स हाइड्रो सहकारी संस्था लि. तथा पिपल्स इनर्जी लिमिटेड बीच नेपाल विद्युत प्राधिकरण र पिपल्स हाइड्रो सहकारी संस्था लि. बीच मिति २०७२ साल आश्विन १४ मा सम्पन्न खिम्ती-२ जलविद्युत आयोजना (४८.८ मे.वा.) बाट उत्पादन हुने विद्युत खरीद-बिक्री सम्बन्धी सम्झौता पिपल्स इनर्जी लिमिटेडको नाममा नामसारी गर्ने बारेको सम्झौता :

**प्रस्तावना**

पिपल्स हाइड्रो सहकारी संस्था लि. ले ने. वि. प्रा. लाई मिति २०७३।११।१५ मा पत्रमार्फत कम्पनीको नाममा भएको उत्पादनको अनुमतिपत्र पिपल्स इनर्जी लिमिटेडको नाममा नामसारी भइसकेकोले, ने.वि.प्रा र कम्पनी बिच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता पिपल्स इनर्जी लिमिटेडको नाममा नामसारी गरिदिन अनुरोध गरेको, पिपल्स इनर्जी लिमिटेडले पनि मिति २०७३।१२।२५ को पत्रमार्फत सम्झौता नामसारी गरी लिन सहमति जनाएको, मिति २०७३।०५।०१ गते दुबै कम्पनीहरु बीच सम्पन्न समझदारी पत्र अनुसार पिपल्स हाइड्रो सहकारी संस्था लि. ले बहन गर्नुपर्ने सर्त बन्देजहरु लगायत विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित अन्य सम्पुर्ण प्रावधानहरु पिपल्स इनर्जी लिमिटेड लाई स्वीकार्य हुने र पिपल्स इनर्जी लिमिटेड ले सम्झौता बमोजिम लिनुपर्ने सम्पूर्ण जिम्मेवारी बहन गर्ने सहमति भएको तथा ने.वि.प्रा. को मिति २०७४।०२।०३ को निर्णय अनुसार विद्युत खरिद बिक्री सम्बन्धि सम्पुर्ण प्रावधानहरु नै मान्ने शर्तमा माग अनुसार विद्युत खरिद बिक्री सम्झौता पिपल्स हाइड्रो सहकारी संस्था लि. बाट पिपल्स इनर्जी लिमिटेडको नाममा नामसारी गर्न स्वीकृति दिएकोले ने.वि.प्रा. र पिपल्स हाइड्रो सहकारी संस्था लि. बीच मिति २०७२।०६।१४ मा सम्पन्न विद्युत खरिद बिक्री सम्झौता निम्न शर्तहरुको अधिनमा रही पिपल्स इनर्जी लिमिटेडको नाममा नामसारी गरिदिन लिन मंजुर भएकोले यो नामसारी सम्बन्धी सम्झौतामा तिनै पक्षले हस्ताक्षर गरी दुई दुई प्रति बुझिलियौं–दियौं ।

**परिभाषा:**

१. साविक सम्झौता भन्नाले नेपाल विद्युत प्राधिकरण र पिपल्स हाइड्रो सहकारी संस्था लि. बीच मिति २०७२ साल आश्विन १४ मा भएको खिम्ती-२ जलविद्युत आयोजना (४८.८ मे.वा.) बाट उत्पादन हुने विद्युत खरीद-बिक्री सम्बन्धि सम्झौता सम्झनु पर्दछ ।

२. नयाँ सम्झौता भन्नाले यसै सम्झौता नामसरी सम्झौताबाट पिपल्स इनर्जी लिमिटेडमा उपदफा १ मा उल्लेखित सरी आएको सम्झौतालाई जनाउनेछ ।

**शर्तहरु**

१. नेपाल विद्युत प्राधिकरण र पिपल्स हाइड्रो सहकारी संस्था लि. बीच २०७२ साल आश्विन १४ मा भएको खिम्ती-२ जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत खरीद-बिक्री सम्झौता पिपल्स इनर्जी लिमिटेडको नाममा नामसारी गरिएको छ ।

२. अब उप्रान्त साविकको "नेपाल विद्युत प्राधिकरण र पिपल्स हाइड्रो सहकारी संस्था लि. का विच सम्पन्न विद्युत खरीद-बिक्री सम्बन्धि सम्झौता" को नाम" नेपाल विद्युत प्राधिकरण र पिपल्स इनर्जी लिमिटेड बीच खिम्ती-२ जलविद्युत आयोजनाको विद्युत खरीद-बिक्री सम्बन्धि सम्झौता " रहनेछ ।

३. पिपल्स हाइड्रो सहकारी संस्था लि. ले यस सम्झौतासँग सम्बन्धित यस अघि भए गरेका सम्पूर्ण काम कारबाहीहरु पिपल्स इनर्जी लिमिटेडले गरेको मानिनेछ ।
४. पिपल्स हाइड्रो सहकारी संस्था लि. को सम्झौतासँग सम्बन्धित सम्पूर्ण हक तथा दायित्व पिपल्स इनर्जी लिमिटेडमा सरेको मानिनेछ ।
५. पिपल्स हाइड्रो सहकारी संस्था लि. ले अब उप्रान्त साविक सम्झौतालाई लिएर आफ्नो कुनै हक छ भनी दावी गर्न पाउने छैन र पिपल्स इनर्जी लिमिटेड ले पनि साविक सम्झौताको दायित्व पिपल्स हाइड्रो सहकारी संस्था लि. ले नै व्यहोर्ने भनी जिम्मेवारी पन्छ्याउन पाउने छैन ।
६. सम्झौताका सम्पूर्ण शर्तहरु नयाँ सम्झौतामा स्वत: सरेको मानिनेछ ।

यो सम्झौता तिनै पक्षको अधिकार प्राप्त व्यक्तिहरुबाट तल लेखिएको साक्षीको रोहबरमा आज मिति २०७४ साल आषाढ २२ गते रोज ५ तद्अनुसार ई. सन् २०१७ जुलाई ६ का दिन हस्ताक्षर गरी नेपाल विद्युत प्राधिकरण, दरवार मार्ग, काठमाण्डौमा सम्पन्न भएको हो ।

**नेपाल विद्युत प्राधिकरणका तर्फबाट**

नाम : जगदिश्वर मान सिंह
दर्जा : का.मु. उप कार्यकारी निर्देशक, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय
दस्तखत :
मिति : २०७४।०३।२२

**साक्षी :**

नाम : प्रवल अधिकारी
दर्जा : प्रमुख, विद्युत व्यापार विभाग
दस्तखत :
मिति : २०७४।०३।२२

**पिपल्स इनर्जी लिमिटेडका तर्फबाट**

नाम : कृष्ण प्रसाद आचार्य
दर्जा : कार्यकारी अध्यक्ष
दस्तखत :
मिति : २०७४।०३।२२

**साक्षी :**

नाम : देव बहादुर पौडेल
दर्जा: संचालक
दस्तखत :
मिति : २०७४।०३।२२

**पिपल्स हाइड्रो सहकारी संस्था लि. का तर्फबाट**

नाम : कृष्ण प्रसाद आचार्य
दर्जा : कार्यकारी अध्यक्ष
दस्तखत :
मिति : २०७४।०३।२२

**साक्षी :**

नाम : बालकृष्ण गिरी
दर्जा: सचिव
दस्तखत :
मिति : २०७४।०३।२२

# नेपाल विद्युत प्राधिकरण

र

# पिपल्स हाइड्रो सहकारी संस्था लि.

बीच भएको

## खिम्ति-२ जलविद्युत आयोजना (४८.८ मे.वा.)

बाट उत्पादन हुने

# विद्युत खरीद-बिक्री सम्बन्धी सम्झौता
# (Power Purchase Agreement)

काठमाडौं, नेपाल
२०७२ आश्विन

व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुनेगरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिनादेखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिनादेखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिनादेखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिनादेखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिनादेखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिनादेखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिनादेखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिनादेखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार बार्षिक मूल्य बृद्धि दिई कायम गरिने छ।

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

अनुसूची २

बिद्युत शक्ति तथा उर्जा तालिका

**Table I**

| | | | |
|---|---|---|---|
| Installed Capacity (kW) | 48,800 | Rated Turbine Efficiency | 90.00% |
| Design Discharge (m3/s) | 16.11 | Rated Generator Efficiency | 97.00% |
| Min Release (m3/s) | 0.477 | Rated Transformer Efficiency | 99.00% |
| Gross Head (m) | 355.00 | Combined Efficiency | 86.43% |
| Outage + Losses + Self Consumption (%) | | | 4% |

**Table II**

| Month | No. of Days* | River Discharge ($m^3$/sec) | Discharge for Power Generation ($m^3$/sec) | Net Head (m) | Average Power (kW) | Maximum Power (kW) | Monthly Generation before Outage & Losses (kWh) | Outage Including Losses (kWh) | Contract Energy (kWh |
|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | E | E1 | F | G | H = F-G |
| Baisha | 31 | 6.75 | 6.28 | 352.93 | 18,975 | 23,324 | 13,976,179 | 559,047 | 13,417,132 |
| Jestha | 31 | 11.66 | 11.18 | 349.05 | 33,432 | 47,318 | 24,624,836 | 984,993 | 23,639,843 |
| Ashad | 31 | 60.72 | 16.11 | 342.96 | 47,318 | 47,318 | 34,852,180 | 1,394,087 | 33,458,093 |
| Shraw | 32 | 85.72 | 16.11 | 342.96 | 47,318 | 47,318 | 35,976,444 | 1,439,058 | 34,537,386 |
| Bhadra | 31 | 71.98 | 16.11 | 342.96 | 47,318 | 47,318 | 34,852,180 | 1,394,087 | 33,458,093 |
| Ashwi | 31 | 39.43 | 16.11 | 342.96 | 47,318 | 47,318 | 34,852,180 | 1,394,087 | 33,458,093 |
| Kartik | 29 | 15.45 | 14.97 | 344.57 | 44,171 | 47,318 | 30,435,560 | 1,217,422 | 29,218,137 |
| Mangs | 30 | 9.39 | 8.92 | 351.11 | 26,811 | 33,900 | 19,110,849 | 764,434 | 18,346,415 |
| Paush | 30 | 6.70 | 6.22 | 352.96 | 18,810 | 21,823 | 13,407,680 | 536,307 | 12,871,373 |
| Magh | 29 | 5.37 | 4.89 | 353.63 | 14,804 | 16,489 | 10,200,869 | 408,035 | 9,792,835 |
| Fagun | 30 | 4.92 | 4.44 | 353.82 | 13,468 | 14,256 | 9,599,924 | 383,997 | 9,215,927 |
| Chaitra | 30 | 4.77 | 4.29 | 353.88 | 13,003 | 14,587 | 9,268,573 | 370,743 | 8,897,830 |
| Total | 365 | | | | | | 271,157,453 | 10,846,298 | 260,311,155 |

नोट : १) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रयाक्ट इनर्जीले महिनाको वास्तविक दिन संख्यालाई गुणा गरी सो महिनाको कन्ट्रयाक्ट इनर्जी निर्धारण गरिनेछ ।

२) संझौताको बुंदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रयाक्ट इनर्जी (Contract Energy) परिवर्तन गर्न सकिनेछ

**Table III**

| | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी (kWh) | 40,777,965 |
| बर्षा यामको कूल इनर्जी (kWh) | 219,533,190 |
| जम्मा (kWh) | 260,311,155 |

३९. **सम्पर्क ठेगाना**

एक पक्षले अर्को पक्षलाई सम्पर्क गर्दा निम्न ठेगानामा सम्पर्क गर्नु पर्नेछ । कुनै कारणबस ठेगाना परिवर्तन भएमा सो मितिले १५ दिन भित्रमा जानकारी दिनु पर्नेछ ।

| | |
|---|---|
| श्री कार्यकारी निर्देशक | पिपल्स हाइड्रो सहकारी संस्था लि. |
| नेपाल विद्युत प्राधिकरण | नयाँ बानेश्वर, काठमाडौं |
| दरबारमार्ग, काठमाण्डौ | टे. नं. ४७८१८९१ |
| पो.ब. न.१००२० टे. नं.४१५३००७ | फ्याक्स: ४७८५६७१ |
| | इमेल: |

यो सम्झौता दुवै पक्षको अधिकार प्राप्त अधिकारीहरुबाट तल उल्लेख गरिएका साक्षीहरुको रोहबरमा चार सक्कल प्रतिहरुमा हस्ताक्षर गरी २०७२ साल आश्विन १४ गते (तद्नुसार अक्टुवर १, २०१५) का दिन नेपाल विद्युत प्राधिकरण, दरबारमार्गमा सम्पन्न भयो ।

| **नेपाल विद्युत प्राधिकरणका तर्फबाट** | **पिपल्स हाइड्रो सहकारी संस्था लि. का तर्फबाट** |
|---|---|
| नाम : मुकेशराज काफ्ले | नाम : कृष्ण प्रसाद आचार्य |
| दर्जा : कार्यकारी निर्देशक | दर्जा : अध्यक्ष |
| दस्तखत : | दस्तखत : |
| मिति : ०७२।६।१४ | मिति : ०७२।६।१४ |
| **साक्षी :** | **साक्षी :** |
| नाम : राजीव शर्मा | नाम : वालकृष्ण गिरी |
| दर्जा : उपकार्यकारी निर्देशक<br>योजना, अनुगमन तथा सू.प्र.नि. | दर्जा : सचिव |
| दस्तखत : | दस्तखत : |
| मिति : २०७२।६।१४ | मिति : २०७२।६।१४ |